
# लेखापरीक्षण प्रतिवेदन

## महाङ्काल गाउँपालिका, ललितपुर

आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# महाङ्काल गाउँपालिका, ललितपुर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/104

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
महांकाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोटीखेल, ललितपुर ।

## कैफियतसहितको राय

हामीले महांकाल गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यो गाउँपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.४ करोड २५ लाख २२ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७ लाख १५ हजार समेत गरी रु.४ करोड ३२ लाख ३७ हजार समावेश गरेको छैन ।

२. यो गाउँपालिकाको रु.७६ करोड ८७ लाख १५ हजारको लेखापरीक्षण गरिएकोमा रु.५८ लाख ३७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.९१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३ लाख ७२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु.४८ लाख २० हजार र सोधभर्ना नलिएको रु.६८ हजार रहेको छ । गत वर्षसम्म रु.११ करोड २२ लाख ४८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड ७२ लाख ३ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. यो गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्वेश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत

आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५३ | ५० | ५८,३७,०१३ | ० | १२ | ९१,३८५ | ० | ५३ | ३८ | ५७,४५,६२८ | ३,७२,२५० | ४८,१९,८२० | ४,८५,९१८ | ० | ६७६४० | ५३,७३,३७८ | ० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ललितपुर | ११,२२,४८,००० | ० | ७,९०,६५० | ११,१४,५७,३५० | ० | ५७,४५,६२८ | ११,७२,०२,९७८ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४३ | भ्रमण खर्चः | ३३,८०० |
| २ | २०८०/८१ | ४४ | बढी सेसनः | १६,८०० |
| ३ | २०८०/८१ | ६६ | पारिश्रमिक करः | ११,०३५ |
| ४ | २०८०/८१ | ४५ | कार्यपालिका वैठक भत्ताः | २०,४०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०८०/८१ | ६५ | अनुगमन भत्ता: | ९,३५० |
| ६ | २०७९/८० | २७ | बिल भर्पाई | ३,३३,००० |
| ७ | २०७९/८० | २३.२ | पारिश्रमिक कर | ४,३५० |
| ८ | २०७९/८० | ५२.१८ | आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरू | १,५३,३०० |
| ९ | २०७९/८० | २० | पेस्की बाँकी | ३,००,००० |
| जम्मा | | | | ८,८२,०३५ |

# (८०३३४५०२३०० - महाङ्काल गाउँपालिका, ललितपुर )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ८२.४४ वर्ग किलोमिटर तथा ८,१२२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।१०।१५ देखि २०८१ ।१०।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ रु.७६,८७,१५,१६२।३३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणतर्फः**

२.१

**वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | | |
| | | नगद | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | ६६२३२८२२.१० | ६६२३२८२२.१० | ६५७३१४७६.०२ | ०.०० | ६५७३१४७६.०२ |
| १३००० | अनुदान | २६१०९३२३९.२९ | २६१०९३२३९.२९ | ३००८५५९८६.१६ | ०.०० | ३००८५५९८६.१६ |
| १४००० | अन्य राजस्व | १३४७३६८.२७ | १३४७३६८.२७ | १४१९४४४१.२० | ०.०० | १४१९४४४१.२० |
| १५००० | विविध प्राप्ति | ०.०० | ०.०० | २४६०५३.०० | ०.०० | २४६०५३.०० |
| क | कुल जम्मा प्राप्ति | ३२८६७३४२९.६६ | ३२८६७३४२९.६६ | ३८१०२७९५६.३८ | | ३८१०२७९५६.३८ |
| ३ | चालु | २६३९२३२६९.४५ | २६३९२३२६९.४५ | २९१७२७१८३.१६ | ०.०० | २९१७२७१८३.१६ |
| २१००० | पारिश्रमिक / सुविधा | १५३४८८८७६.२९ | १५३४८८८७६.२९ | ५२५४८०६६.०० | ०.०० | ५२५४८०६६.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६५०३५१६६.६६ | ६५०३५१६६.६६ | ४२९०९७२४.०० | ०.०० | ४२९०९७२४.०० |
| २४००० | ब्याज सेवा शुल्क तथा बैंक कमिशन | ०.०० | ०.०० | २००००.०० | ०.०० | २००००.०० |
| २५००० | सहायता (Subsidy) | १४१२३२६.५० | १४१२३२६.५० | ४०६२४३१.०० | ०.०० | ४०६२४३१.०० |
| २६००० | अनुदान | ३८७६३७४५.०० | ३८७६३७४५.०० | १८५९४५०६३.१६ | ०.०० | १८५९४५०६३.१६ |
| २७००० | सामाजिक सुरक्षा | ४५५९१३४.०० | ४५५९१३४.०० | ५०५४००९.०० | ०.०० | ५०५४००९.०० |
| २८००० | अन्य खर्च | ६६४०२१.०० | ६६४०२१.०० | ११८७८९०.०० | ०.०० | ११८७८९०.०० |
| ४ | पूंजीगत | ६४०७००१८.५२ | ६४०७००१८.५२ | ७७९१६८७८.०० | ०.०० | ७७९१६८७८.०० |
| ३१११० | भवन तथा संरचना | ०.०० | ०.०० | १५७८९१४३.०० | ०.०० | १५७८९१४३.०० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | १३४८९३११.०० | १३४८९३११.०० | १०७०७७७८.०० | ०.०० | १०७०७७७८.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | १८५८४६५.०० | १८५८४६५.०० | ११७३१६६.०० | ०.०० | ११७३१६६.०० |
| ३११५० | सार्वजनिक निर्माण | ४७२३२३२८.५२ | ४७२३२३२८.५२ | ४९११७९२१.०० | ०.०० | ४९११७९२१.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १४८९९१४.०० | १४८९९१४.०० | ११२८८७०.०० | ०.०० | ११२८८७०.०० |
| ख) | कुल जम्मा भुक्तानी | ३२७९९३२८७.९७ | ३२७९९३२८७.९७ | ३६९६४४०६१.१६ | | ३६९६४४०६१.१६ |
| ग) | बचत /कमी (ग = क-ख ) | ६८०१४१.६९ | ६८०१४१.६९ | ११३८३८९५.२२ | | ११३८३८९५.२२ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १३६९७५४.७० | १३६९७५४.७० | २३१८०२१.०० | | २३१८०२१.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (१५५४०.००) | (१५५४०.००) | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत/(कमी)) ( ङ = ग+घ) | २०४९८९६.३९ | २०४९८९६.३९ | १३७०१९१६.२२ | | १३७०१९१६.२२ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २८६४७९६४.६७ | २८६४७९६४.६७ | १४९४६०४८.४५ | | १४९४६०४८.४५ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३०६९७८६१.०६ | ३०६९७८६१.०६ | २८६४७९६४.६७ | | २८६४७९६४.६७ |

पालिकाले पेश गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा तथा संरक्षण | ४२९२७९३९ | ४२५२१८६६ |
| २. | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७२५००० | ७१५००० |
| **जम्माः** | | **४३६५२९३९** | **४३२३६८६६** |

२.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४,२५,२१,८६६।- र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७,१५,०००।- गरी रु.४,३२,३६,८६६।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले तयार गरेको बैङ्क हिसाब मिलान विवरण देहायअनुसार छ ।

| संकेत | कोष खाता | स्रेस्ता अनुसारबाँकी रकम | बैंक स्टेटमेन्टअनुसार बाँकी रकम | फरक |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिकराजस्व खाता | ० | १२१५६४९.८० | १२१५६४९.८० |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | ० | ० |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | २३११५३७७.३६ | १०५४००४३.९० | १२५७५३३३.४६ |
| ग ३.१ | स्थानीयतह धरौटी खाता | ३३१९५८०.१२ | ३३१९५८०.१२ | ० |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | -२६०२६९.६५ | १५५५४०९२.९९ | १५८१४३६२.६४ |
| ग २.३ | पूँजीगतखर्च खाता- विजोर वर्ष | २४४७२९.६५ | ९६३२६४१.१३ | ९३८७९११.४८ |
| ग २.७ | विविधखर्च खाता | २३९७०३८.५८ | ३०५५४६३.९३ | ६५८४२५.३५ |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १८८१४०५ | १८८१४०५ | ० |
| **जम्मा** | | **३०६९७८६१.०६** | **४५११९८८७६.८७** | **१४५०१०१५.८१** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.२,६०,२६९।६५ माइनसमा र पूँजीगत खर्च खातामा रु.२,४४,७२९।६५ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

३ **कर दायित्व :**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार यस वर्ष विभिन्न भुक्तानीहरूमा कट्टी गरेको कर दायित्व रु.१५,५४०।- दाखिला गर्न बाँकी देखाएको छ । सो कर दायित्व रकम लेखापरीक्षण अवधिसम्म पनि दाखिला नगरेकोले यकिन गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,५४० |

४ **अनुदान फिर्ता :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र स्थानीय तहले संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । साथै प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३४ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खर्च नभई बाँकी रहेको समपुरक, सशर्त र विशेष अनुदान रकम आर्थिक वर्षभित्र फिर्ता नगरी मिति ०८१।६।४ मा राजस्व शिर्षक नं १५१११ मा फिर्ता गरेको देखिन्छ । पालिकाले खर्च नभई बाँकी रहेको देहायको रकम सोही आर्थिक वर्षभित्र फिर्ता गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | शिर्षक | रकम |
|---|---|---|
| १ | संघिय सशर्त अनुदान | ११८४२२ |
| २ | संघिय विशेष अनुदान | ८९१६०२ |
| ३ | प्रदेश समपुरक अनुदान | १७७७६.९५ |
| ४ | प्रदेश विशेष अनुदान | ३००३०६ |
| **जम्मा** | | **१३२८१०६.९५** |

५ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छ ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयासको अभिलेख राखेको पाईएन,

• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको पाईएन,

• रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा सो राखेको पाईएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाईएन,
• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम राखेको पाईएन,
• पूर्वाधार संरचनाको निर्माणको काम गर्दा सवै कार्यमा काम गर्नु अघिपछिको फोटो लिइने कार्यलाई अनिवार्य गरेको पाईएन,
• पालिका अन्तर्गतका विद्यालय तथा स्वस्थ्य सँस्था तथा विद्यालयहरुमा खरिद तथा वितरण गरेको जिन्सी मालसामानको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली [PAMS] अभिलेखीकरण गरी खर्च लेखेको पाईएन,
• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा अधिकांशमा भ्रमण अभिलेख खाता राखेको तथा अनुगमन भ्रमण प्रतिवेदन पेश गरेको पाईएन,
• सवारी मर्मतमा लागत अनुमान तयार गरेको पाईएन,
• विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेश गरेको पाईएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६ **रकमान्तर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यमात्मक अवस्थामा रकमान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था विपरीत रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एकपटक आवश्यकता पहिचान गरी छनौट गरेका २२ योजना तथा कार्यक्रमको रु.१,८४,५०,०००।- ३६ वटा योजना तथा कार्यक्रममा रकमान्तर गरेको छ । यसरी रकमान्तर गरेका कार्यक्रमको उदाहरणमा उन्नत जातको वोटविरुवा वितरण कार्यक्रमवाट बालमुकुन्द आ.वि.को कार्यालय व्यवस्थापन, मनकामना युवा क्लव संचालन तथा व्यवस्थापनबाट अन्तरीडाँडा मोटरबाटो, पालाजु गोला मोटरबाटो निर्माणबाट अन्तरीडाँडा मोटरबाटो, पालाजु खोला गोलाछापा मोटरबाटोबाट थली पहिरो नियन्त्रण आदी रहेका छन । यसरी पटक पटक रकमान्तर गर्दा बित्तीय सुशासन कायम हुने देखिदैन । कारण बेगर पटक पटक रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७ **आय अनुमान :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर सेवा शुल्क दस्तुर वापत अनुमानित रु.३,१६,७२,२५२।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.६५,२८,५४०।८० अर्थात् अनुमान भन्दा ७९.३९ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

८ **आन्तरिक आय :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १७६३९१७३४.०४ | ६५२८५४०.८० | ३.७० |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.७० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३९००००० | ४७१२१२०.३२ | १२०.८२ |
| घरजग्गा वहाल कर | २००००० | २२४७२७.३८ | ११२.३६ |
| व्यवसाय कर | ५००००० | ८७२५० | १७.४५ |
| वहाल विटौरी कर | ५००००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

१० **व्यवसाय कर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.८७,२५०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

११ **बजेट पेश पारित र अख्तियारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी आषाढ मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।०३।१० मा रु.४३,१०,२०,७००।- को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१५ मा पारित गरी स्वीकृत गरेको छ । यसै गरी स्थानीय तहका अध्यक्षले मिति २०८०।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

१२ **मध्यकालिन खर्च संरचना :**

अन्तरसरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले स्थानीय तहले आगामी बर्षमा कार्यान्वयन हुने योजनाको साथै थप २ बर्षको कार्यान्वयन हुने योजना र त्यसको स्रोतको सुनिश्चितताको आधारमा बजेट कार्यान्वयन हुने व्यवस्था छ तर यस पालिकाले उक्त मध्यकालिन खर्च संरचना तयार गरेको छैन । खर्च संरचनाको अभावमा भविष्यमा कार्यान्वयन हुने योजनाहरु र तीनको कार्यान्वयन गर्न स्रोतको अस्पष्टता हुने हुँदा योजनाको कार्यान्वयन पक्ष फितलो हुने योजना अलपत्र हुने भएकोले खर्च संरचनाको आधारमा बजेट र योजना प्रणालीलाई कार्यान्वयन गर्नु प्रभावकारी हुन्छ ।

१३ **दिगो विकास योजना :**

संयुक्त राष्ट्रसंघले अघि सारेको दिगो विकास लक्ष्यको सन् २०३० सम्म कार्यान्वयन गर्न नेपालले १६ वटा बुँदामा प्रतिवद्वता व्यक्त गरी ति लक्ष्यको स्थानिकरण र आन्तरिकीकरण गरेको छ । पूर्वाधार, कृषि, पशु, उर्जा, समाजकल्याण, बालकल्याण, महिला विकास, सुरक्षित मातृत्व लगायतका बिषयहरुका कार्यजिम्मेवारी संघियता सँगै स्थानीय स्तरमा हस्तान्तरण र निक्षेपित भैसकेको छन् । दिगो विकासको लक्ष्य प्राप्त गर्न स्थानीय तहले सूचक निर्धारण गर्ने डाटा तयार गर्ने प्रदेश र संघमा तिनको संचार र समन्वय गर्ने कार्य भएको देखिएन । स्थानीय तहले बार्षिक बजेट बमोजिम नै पुरानै शैलीमै कार्य गरेका छन् । दिगो विकासको लक्ष्य अनुरुप खण्डीकृत डाटा तयार गरी कार्यक्रम बनाउने, समन्वय गर्ने, अभिलेख र तथ्यांक राखि दिगो विकासको राष्ट्रिय सूचक हाँसिल गर्न संघमा संचार गर्ने कार्य भएको छैन । दिगो विकासको लक्ष्यको आधारमा तालमेल हुने गरी योजना र कार्यक्रम लागु गरी अभिलेख र सुचना प्रणाली प्रभावकारी बनाउँदै दिगो विकास लक्ष्यको कार्यान्वयनलाई टेवा पुग्ने गरी कार्य गर्नुपर्दछ ।

१४ **योजना प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागीता, स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १२४ योजनामा बजेट विनियोजन गरेको छ ।

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **योजना संख्या** | **रु.२० लाख माथिका योजना संख्या** | **रु.५ लाखदेखि २० लाखसम्मका योजना संख्या** | **रु.५ लाख भन्दा कमका योजना संख्या** |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ३४ | ४ | १५ | १५ |
| २ | वडास्तरीय | ९० | ७ | ५ | ७८ |
| **जम्माः** | | १२४ | ११ | २० | ९३ |

उपरोक्त विवरण अनुसार पालिकाले साना र वितरणमूखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ११६ योजना मात्र कार्यान्वयन भई ८ योजना कार्यान्वयन हुन सकेको देखिएन । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१५ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.६,४०,७०,०१८।५२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३१०३७००० | १६३५७४९६.५० | ४.९९ |
| २ | पूर्वाधार विकास | ८७५००००० | ४३४६१०५५.८० | १३.२५ |
| ३ | सामाजिक विकास | २००१४८८४८ | १७६६८४०९२.६५ | ५३.८६ |
| ४ | सुशासन तथा अन्य अन्तरसम्बन्धित | ७७५०००० | ४९७२८६१ | १.५२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०४५८४८५२ | ८६५१७७८२.०२ | २६.३८ |
| **जम्मा** | | **४३१०२०७००** | **३२७९९३२८७.९७** | **१००** |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक क्षेत्रतर्फ ४.९९ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ५३.८६ प्रतिशत, पूर्वाधारतर्फ १३.२५ प्रतिशत, सुशासन तथा अन्य अन्तरसम्बन्धिततर्फ १.५२ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ २६.३८ प्रतिशतले खर्च गरेको छ । आर्थिक विकासतर्फ ४.९९ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिबी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने एवम् कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा २६.३८ प्रतिशत खर्च गरेको देखिएको छ । कार्यसञ्चालन खर्चले पूँजीगत र आर्थिक विकासको कार्यलाई सपोर्ट हुनेगरी खर्च हुनुपर्नेमा कार्यालय सञ्चालन र प्रशासनिक खर्च जम्मा खर्चको अनुमानमा २६.३८ अर्थात अधिक रहेको र पुजिगत र आर्थिक विकासको खर्च न्युन रहेकोले पूँजीगत र पूर्वाधार विकास तर्फ खर्च बढाउने र सकभर प्रशासनिक खर्चलाई न्युन र मितव्ययी प्रयोग गर्ने उपायहरु अवलम्बन गर्नुपर्दछ ।

## १७ खर्च बिश्लेषणः

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.६८,८४,३०५।३५(समायोजन समेत), राजस्व बाँडफाँड, अन्य र अनुदानबाट रु.३२,१७,८९,१२४।३१ समेत रु.३२,८६,७३,४२९।६६ आम्दानी भएकोमा चालु तर्फ रु.२६,३९,२३,२६९।४५ र पूँजीगत तर्फ रु.६,४०,७०,०१८।५२ समेत रु.३२,७९,९३,२८७।९७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.१० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५०,००,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ७२.६३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८०.३० प्रतिशत चालु र १९.४९ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १८ त्रैमासिक पूँजीगत खर्च :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु. हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजीगत खर्चतर्फ | ६४०७० | ९४० | ६६७६ | १२७०४ | ४३७५० | १८१९४ |
| प्रतिशत | १०० | १.४७ | १०.४२ | १९.८२ | ६८.२९ | २८.४० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.६ करोड ४० लाख ७० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.९ लाख ४० हजार(१.४७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६६ लाख ७६ हजार(१०.४२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१ करोड २७ लाख ४ हजार(१९.८२ प्रतिशत) र चौथो त्रैमासिकमा रु.४ करोड ३७ लाख ५० हजार(६८.२९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१ करोड ८१ लाख ९४ हजार(२८.४० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम

कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१९ **पूँजीगत खर्चको अवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु.६,४०,७०,०१८।५२ खर्च गरेकोमा रु.१,२४,२९,८८७।- अर्थात् १९.४० प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये उपभोक्ता समितिबाट रु.४,७३,८०,९३२।- को खरिद गरेको छ । उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२० **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २३.३५ देखि ५४.१४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि नं | ठेक्का नं | काम को विवरण | निर्माण कर्ताको नाम | लागत अनुमान VAT र PS सहित | सम्झौता रकम VAT र PS सहित | फरक प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | MRM/Works/Schoolbuilding/Ncb/०४/०८०.८१ | कालिदेवि आवि भवन निर्माण | एफ एण्ड एफ इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रालि | ९७१५३८४.३३ | ६०८४३९९.२० | २३.३५ |
| २ | MRM/Works/Road/Ncb/०१/०८०.८१ | रातमाटे कालेश्वर सडक स्तरोन्नति | लनि दिनि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ९६७०७९८.०९ | ३९३२५४३.४० | ५४.१४ |
| ३ | MRM/Works/02/Ncb/०४/०८०.८१ | कमाङ कतवनबेसी सडक स्तरोन्नति | युद्धभैरव निर्माण सेवा प्रालि | ४८३४८५८.४६ | २४१२९४४.९० | ४३.८३ |
| **जम्माः** | | | | **२४२२१०४०.८८** | **१२४२९८८७.५०** | |

२१ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

२२ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान

मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गर्न समिति बनाई निरीक्षण गरेकोमा प्रतिवेदन पेश गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गरी सो बमोजिम जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२३ **तलवी प्रतिवेदन :**

स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९, निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३४ कर्मचारीको रु.१,९५,४७,२८२।- र पालिकातर्फ २२ जना कर्मचारीको रु.१,३८,६७,४७२।- समेत रु.३,३४,१४,७५४।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले तलब भत्ता तथा ग्रेड यकिन गर्न सकिएन । तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२४ **सवारी साधन खरिद:**

अर्थ मन्त्रालयबाट जारी स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्नानुसार सवारी साधन खरिद गरी रु.१,१२,४६,८००।- खर्च गरेको छ । यसरी आन्तरिक स्रोतलाई बढोत्तरी गरी सवारी साधन लगायतमा खर्च गर्नुपर्नेमा सो नगरेकोले संघीय स्रोतमा दवाब बढेको छ । आन्तरिक स्रोतको क्षमतालाई समेत ध्यानमा राखी सवारी साधन र सुविधा लगायतमा खर्च गर्ने परिपाटी अवलम्बन गर्ने र यो बर्ष खरिद भएको जे. सि. वि. को संचालन कार्यबिधि तयार गरी आन्तरिक प्रयोग र भाडामा लगाउने प्रकृयालाई स्पष्ट गर्नुपर्दछ ।

| क्र.सं. | सवारी साधनको नाम | संख्या | रकम |
|---|---|---|---|
| १ | जेसिबि | १ | ४५४९००० |
| २ | स्कर्पियो | १ | ५९८५००० |
| ३ | मोटरसाइकल | २ | ७१२८०० |
| **जम्माः** | | | **११२४६८००** |

२५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित वडा कार्यालय वडा स्वास्थ्य चौकी अस्पताल सहित १०० जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका २ जना प्रशासन अधिकृत, १ जना भेटेनरी अधिकृत, सहायक पाँचौ, असिष्टेन्स सब इन्जिनियर लगायत २४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२६ **करार कर्मचारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धी पद तथा सेवामा बाहेक अन्य पदमा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । साथै स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नु पर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक सहायक पाँचौ, खापासटे लगायत पदमा १७ जना कर्मचारी करारमा नियुक्त गरी रु.७२,७१,३४२।- तलब भत्ता भुक्तानी गरेको छ । कार्यबोझको

आधारमा व्यवस्थापन सर्वेक्षण गरी कानुन बमोजिम पारदर्शि तवरले मात्र पदपूर्ति गर्नुपर्नेमा करारमा राख्नु उचित देखिएन । यसमा सुधार हुनुपर्दछ ।

२७ **आयोगको परामर्श :**

प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर पालिकाले ९ जना स्वास्थ्यतर्फका अहेव चौथो तहबाट सिअहेव पाँचौ र हेल्थ असिष्टेन्ट पाँचौ तहबाट जस्वानि छैटौ तहमा स्तरवृद्धि गरी उक्त कमर्चारीलाई यो वर्ष रु.१,५३,५७०।- थप खर्च गरेको छ । आयोगको परामर्श बेगर स्तरवृद्धि गरी खर्च लेखेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५३,५७० |

२८ **कानून र सञ्चालन स्थिति कानून र सञ्चालन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४४ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ३ वटा नियमावली, ३ वटा निर्देशिका, २८ वटा कार्यविधि गरी जम्मा ४८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

२९ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष १ विवाद दर्ता भएकोमा उक्त विवाद फर्स्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३० **सहकारी नियमन:**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरूको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र रहेका ७३ वटा सहकारी संस्थाहरुमध्ये ४७ वटा सहकारी संस्था मात्र एकिकृत सुचना व्यवस्थापन प्रणालीमा आबद्ध रहेका छन् । पालिका भित्रका २६ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाईएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

३१ **सेवा प्रवाह :**

लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ.व. २०८०।८१ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| विवरण | ईकाइ | जम्मा |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | वटा | १७ |
| **पञ्जिकरणतर्फ** | | |
| जन्मदर्ता | वटा | १३५ |
| मृत्युदर्ता | वटा | ७३ |
| बसाईसराई दर्ता | वटा | ९ |
| विवाह दर्ता | वटा | १०९ |
| सम्बन्धविच्छेद दर्ता | वटा | १० |
| **भौतिक पूर्वाधार निर्माणतर्फ** | | |
| सडक ढलान | कि.मि. | ८०० मिटर |
| खानेपानी पूर्वाधार | वटा | ५ |
| विद्यालय पूर्वाधार | वटा | ११ |
| पर्यटन पूर्वाधार | वटा | १० |

पालिकाबाट हुने सेवाप्रवाहलाई थप चुस्त, सरल, भरपर्दो, जनमैत्री र गुणस्तरीय बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

३२ **रातोमाटे कालेश्वर सडक स्तरोन्नतीः**

स्थलगत नीरिक्षण गर्दा रु. ६७ लाखको रातोमाटे कालेश्वर सडक स्तरोन्नती अन्तर्गत नालि निर्माण र ट्र्याक ओपन र विस्तार समेतको कार्यगर्न ४५ लाख ९३ हजार ७७४ को ठेक्का सम्झौता मार्फत २०८१-०३-२० मा सम्पन्न गर्ने सम्झौता वमोजिम लानिदिनी कन्स्ट्रक्सन प्रा.लि.ले निर्धारित समयमा कार्यसम्पन्न गरेपनि त्रुटि सच्याउने अवधिको क्रममा निर्माण सम्पन्न पश्चातको करिब ३ महिना भित्र २०८१-०६-१२ को बर्षातको कारण केहि ठाउँमा सडकको नालि फुटेको र करिब १२० मिटरमा स्टोन मेसिनरीको नालिसमेतको कार्य माटो ढुङ्गाले पुरेको देखियो । निर्माण व्यवसायीसँग भएको Special Condition of Contract को १९.१ मा Loss of Damage to the work plant, material and equipment and property समेतलाई कभर गरेर बीमा गर्ने उल्लेख भएको, BOQ मा रहेको रकम समेत बीमा मार्फत भुक्तानी भएकाले त्रुटि सच्याउने अवधिमा उक्त कार्यलाई दुरुस्त अवस्थामा कायम गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्दछ ।

३३ **कम्राङ्ग-कटवाल बेशी सडक स्तरोन्नतीः**

सार्वजनिक खरिद कार्यगर्दा कार्य प्रकृति अनुसार गर्नु पर्दछ । प्रदेश समपुरक स्रोत तर्फको रु.४८ लाख ३४ हजार ८५८ लागतको सडक स्तरउन्नती गर्न २०८०-०३-०१ मा सम्पन्न गर्ने गरी युद्धभैरब निर्माण सेवा सँग रु.२८७६७२७ मा सम्झौता सम्पन्न भएकोमा सडक र सो सम्बन्धि स्ट्रक्चरको काममा सडक विभागकै नर्म्स प्रयोग गरी कार्य गर्नुपर्नेमा सडक RCC (M20) को कार्यगर्दा शहरी विकास तथा भवन विभागको नर्म्स प्रयोग गरेकाले ११० घनमिटर ढलानमा प्रति घन मिटर रु.१०९१०/२० मा कार्य हुनेमा प्रति घनमिटर २०५०० ले खर्च लेखी प्रति घन मिटरमा रु.९५९० बढी व्ययभार पारेकाले खरिद कार्य मितव्ययी हुन नसकेकोले नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,५४,९०० |

३४ **Stone masonary मा बढी भुक्तानीः**

प्रदेश समपुरक स्रोत अन्तर्गतको रातमाटे कालेश्वर सडक खण्ड अन्तर्गत ट्र्याक खन्ने तथा नाली निर्माणको कार्यमा २०८१-०३-०१ मा सम्पन्न गर्ने गरि रु. ४४ लाख ४३ हजार ७७४ मा सम्झौता भएकोमा स्टोन मेशिनरीको कार्यमा सडक विभागको नर्म्सको प्रयोग गरि कार्य गर्दा प्रति घन मिटर रु.९९५९।४० हुनेमा शहरी विकास विभागको रु.१३९७५ प्रतिघन मिटरको लागत अनुमान तयार गर्दा

१४९.२ घनमिटरको कार्यमा प्रति घनमिटर रु.४०१५।६० ले बढी व्ययभार पारी कार्य गर्दा खरिद प्रक्रिया मितव्ययी नभएकाले रु.५९९१२७.५२ नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,९९,१२७.५२ |

३५ **ढुवानी खर्च :**

सार्वजनिक निर्माणमा हुने खरिद कार्यमा भौगोलिक विकटता, दुरी, निर्माण सामाग्रीको उपलब्धतालाई यकिन गरेर गाउँपालिकाले जिल्ला दर रेटलाई विचार गरी खरिद कार्यको दर बिश्लेषणमा समावेश गरि पालिकाको सभाबाट अनुमोदन गरेर मात्रै ढुवानी खर्च लेख्नुपर्दछ । यो बर्ष निम्न उपभोक्ता समितिहरुमा ढुवानी खर्च लेखेकोमा गाउँपालिकाले दर बिश्लेषण गरि सभाबाट पूर्व स्विकृती नलिई खर्च गरेको छ । यसरी खरिद कार्यगर्दा खरिद प्रक्रिया पूर्वानुमानयोग्य नहुने, लागतप्रभावी नहुने भएकोले सभाबाट पूर्व स्विकृती लिएर आवश्यकता र औचित्यको आधारमा ढुवानीमा खर्च लेख्नुपर्ने भएकाले यसरी लेखेको खर्च नियमसम्मय नभएको रु.

| गो.भौ.नं. | योजनाको नाम | ढुवानी खर्च रु. |
|---|---|---|
| ४५।२०८०-१२-१४ | रानीखोला रिंगन सडक स्तरोन्नती तारजाली उ.स. | १५००० |
| ४७।२०८०-१२-१५ | पिखले च्यानपाटी निर्माण उ.स. | १२००० |
| ४८।२०८०-१२-१५ | हर्केडाँडा खानेपानी आयोजना | ७५००० |
| ५५।२०८१-०१-१६ | जनज्योति महिला कृषि सहकारी संस्था लि. | १३५०० |
| ६९।२०८१-०२-०१ | महांकाल वडा नं.२ कार्यालय माथिल्लो तल्ला ट्रस्ट तथा घेराबार | २०००० |
| ७१।२०८१-०२-०४ | पानीघाट खोर भञ्ज्याङ्ग खा.पा. मर्मत | १८००० |
| ७५।२०८१-०२-१४ | महाँकाल स्थान प्रवेश द्वार निर्माण तथा व्यवस्थापन,यलडाँडा अस्पताल,विन्ध्याबासिनी मन्दिर ट्रस्ट | २२५८० |
| ७८।२०८१-०२-२१ | तामाङ च्यानपाटी निर्माण उ.स. | १५००० |
| ८४।२०८१-०२-२९ | श्री गुरु आ.वि. घेराबार | ११००० |
| ८६।२०८१-०२-३२ | गाउँपालिका कार्यालयबाट वडा नं.३ कार्यालय परिसर व्यवस्थापन | ४१५२३ |
| ८७।२०८१-०२-३२ | उन्यूचौर खानेपानी ट्याङ्की | १५०७७ |
| ८८।२०८१-०२-३२ | डिँमिन डाँडा तरकारी समुह | १५००० |
| ९८।२०८१-०३-०७ | मानिखेल रमितेडाँडा जाने सडक निर्माण | ७५००० |
| ९९।२०८१-०३-११ | ज्ञानचछु मा.वि. घेराबार | ११००० |
| १०१।२०८१-०३-१२ | थलि पहिरो नियन्त्रण उ.स. | १४०००० |
| १०२।२०८१-०३-१२ | ठोस्ने खोला पहिरो नियन्त्रण | १९८१३ |
| ११०।२०८१-०३-१९ | बतासे महटोल रातोपखरी ट्रस निर्माण उ.स. | १४४८१ |
| १११।२०८१-०३-१९ | प्रतिक्षालय निर्माण तथा सिलिङ्गे डाँडा उ.स. | १५००० |
| ११२।२०८१-०३-१९ | स्होदोग पालिग अलौवा गुम्बा | ६७०० |
| १३०।२०८१-०३-२२ | ससिया भञ्ज्याङ्ग वडा कार्यालय सडक स्तरोन्नती उ.स. | ६५००० |
| १३३।२०८१-०३-२३ | नमनखोला कजवे तथा महाकुलुङ्ग स्थान उ.स. | ७००० |
| १३५।२०८१-०३-२३ | वागभैरब मा.वि. घेरावार उ.स. | २८७५५ |
| १४५।२०८१-०३-२४ | वडा कार्यालय भवन तथा मर्मत तला थप | २१४८८८ |
| १२०।२०८१-०३-२० | जप्का सिसवन च्यानथुन्का ट्रस निर्माण उ.स. | ७०००० |
| १२१।२०८१-०३-२० | पालिका अगाडि सडक ढलान उ.स. | १३८१०६ |
| **जम्मा** | | **१०७९४२३** |

| | |
|---|---|
| अनियमित भएको | १०,७९,४२३ |

३६ **गौरीखेल बुखेल वडा कार्यालय सडक स्तरोन्नती**

स्थलगत निरीक्षणको क्रममा गौरीखेल बुखेल वडा कार्यालय सडक स्तरोन्नती महांकाल वडा नं.१, २, ३ अन्तर्गत उपभोक्ता समिति मार्फत कार्य सम्पादन गर्ने गरी १५९ मिटर लम्बाई, ४.२३ मिटर चौडाई सहितको ९९.८१ घनमिटर कार्यको उपभोक्तासँग रु. २७ लाख ८१ हजारमा सम्झौता भई उक्त योजना मिति २०८१-०३-२२ मा फरफारक गरी सकेको स्थितीमा निर्माणसम्पन्न भएको करिव

३ महिनाभित्रै बाढीको कारणले उक्त सडक क्षतविक्षत भई काम नलाग्ने स्थितिमा पुगेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार २० लाख भन्दा माथिको उपभोक्ता मार्फत सम्पादन हुने कार्यमा बीमा गर्नुपर्नेमा नगरेकोले क्षती बीमा मार्फत स्थानान्तरण हुन नसकेको देखियो । यसरी खरिद प्रक्रिया अवलम्बन गर्ने पदाधिकारी र जिम्मेवार व्यक्तिहरुले यसको जवाफदेहिता लिनुपर्दछ ।

३७ **नाफामूलक संस्थालाई अनुदानः**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार अधिकतम प्रतिफलदायक र सार्वजनिक हित र सरोकारको विषयमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौ.न. ५५।२०८१।०१।१६ बाट जनज्योती महिला कृषि सहकारी संस्था लिमिटेड जस्तो निश्चित शेयर होल्डर सदस्य रहेको संस्थालाई तला मर्मत वापत रु. ९६६९५ उपलब्ध गराएको पाइयो । यसरी भएको खर्च नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९६,६९५ |

३८ **कोटेशन खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ अनुसार सकभर प्रतिस्पर्धी खरिद प्रणाली मार्फत मिनव्ययीता कायम हुने गरी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत सम्पादन भएका निम्नानुसारका खरिद कार्यहरुमा एकै प्रकृतिको बाटो ट्र्याक ओपन गर्ने कार्यलाई प्याकेज गरी क्लस्टरमा बोलपत्र मार्फत खरिद गर्नुपर्नेमा पटक पटक कोटेशनबाट एकै प्रकृतिको कार्य विभिन्न निर्माण व्यवसायीबाट कार्य गराएको छ । पालिकाबाट यसै आर्थिक वर्षमा सञ्चालित ३ वटा सडक निर्माण समेतको ठेक्काहरु बोलपत्रबाट खरिद कार्य गर्दा औषतमा ३० प्रतिशतमा प्रतिस्पर्धा भई न्यूनमा कार्य समेत सम्पन्न भैसकेको स्थितिको तुलना गर्दा पटक पटक कोटेशनबाट रु ४४ लाख ७२ हजार ८९८ को कार्य गर्दा १३ लाख ४१ हजार ९७७ बढी व्ययभार हुन गई प्रतिस्पर्धा र मितव्ययितामा असर गरेको छ । यसरी खरिद प्रकृया अपनाउनु नियमसम्मत नदेखिएको रु.

| **भौ.नं र मिति** | **योजनाको नाम** | **निर्माण व्यवसायी** | **रकम** |
|---|---|---|---|
| ५७।२०८१-०१-१७ | नयाँ ट्र्याक रामचन्द्र अधिकारी घरदेखि भञ्ज्याङ्गसम्म बाटो | सक्षम निर्माण सेवा | ९५९०४३ |
| १०३।२०८१-०८-१७ | सरिया – सिसौन मोटरबाटो, नयाँ ट्र्याक | सक्षम निर्माण सेवा | ७४९२१८ |
| ११७।२०८१-०२-२० | धामीखोला वस्ती संरक्षण | लिनिदिनी कन्सट्रक्सन एण्ड सप्लायर्स | ८५९८४९ |
| ११७।२०८१-०२-२० | धामीखोला-खोर भञ्ज्याङ्ग मोटरबाटो स्तरोन्नती | एस.एस.भी.निर्माण सेवा | ९६३०८४ |
| ११७।२०८१-०२-२० | कम्रान – कटवानबेशी सडक स्तरोन्नती | युद्धभैरव निर्माण सेवा | ९४१७०४ |

| | |
|---|---|
| अनियमित भएको | १३,४१,९७७ |

३९ **परामर्श तथा डीपीआर खर्चः**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **यो वर्ष खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| कालिदेवि आवि भवन निर्माण | पूर्वाधार इन्जिनियरिङ्ग सोलुसन प्रालि | ५००००० | ४९८३३० | ९७३१२०४.७९ |
| **Detail plan on kaleshwor mandir** | एडभान्स इन्जिनियरिङ्ग एण्ड बिल्डर्स | १०००००० | ९९२७०५ | ११९०८८९१३.३७ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको

प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । अध्ययन प्रतिवेदन अभिलेखको रुपमा राख्नु पर्दछ ।

४० **परामर्श सेवाको कार्यान्वयनः**

निकटतम भविश्यमा कार्यान्वयन गर्न जरुरी भई सो सम्बन्धी आवश्यकता पहिचान भएका योजनाको मात्रै परामर्श सेवाको कार्य गर्नुपर्दछ । यो वर्ष परामर्श सेवा लिएका निम्नानुसार योजनाहरुको कार्यान्वयन हुने सुनिश्चितता देखिएन । कार्यान्वयन सुनिश्चितता नहुने योजनाको लागि परामर्शमा खर्च गर्नाले लगानी खेर जाने भएकोले कार्यान्वयनमा लैजाने योजनाको मात्रै परामर्श लिनुपर्दछ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **यो वर्ष खर्च रकम** | **कार्यान्वयन सुनिश्चितता नभएको** |
|---|---|---|---|---|
| तुङगुन खोलामा रहेका ढुंगागिट्टि र बालुवा उत्खनन सम्बन्धि आइईई | विकल्प इन्जिनियरिङ्ग कन्स्ल्टेन्सी | ५००००० | ४९८००० | नभएको |
| **Municipal Transportation master paln** | युजभि इन्जिनियरिङ्ग सोलुसन प्रालि | १०००००० | ९९१९१४ | नभएको |

४१ **जि.स.स. साझेदारीः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ अनुसार मितव्ययी र प्रतिस्पर्धी खरिद प्रणाली अपनाउन बोलपत्रको माध्यमबाट खरिद कार्य गर्नुपर्ने व्यवस्था छ ।यो वर्ष जिल्ला समन्वय समितिको ६० प्रतिशत र पालिका स्रोत तर्फको ४० प्रतिशत साझेदारीमा कार्य गर्ने गरी निम्नानुसारका ५ वटा आयोजनाहरू कार्यान्वयनमा ल्याएकोमा ति सबै योजनाहरुको उपभोक्ता समिति मार्फत सम्पन्न गरेको विवरण पेश गरेको छ । आन्तरिक स्रोतको अभावमा साझेदारी मार्फत स्रोत खोजी गरी कार्यान्वयन गर्नुपर्ने आयोजनाहरुमा प्रतिस्पर्धी र मितव्ययी तवरले काम गरी कामको परिमाण बढाउन प्रतिस्पर्धा गरी बोलपत्रबाट खरिद गर्नुपर्नेमा सबै आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन गरेको छ । पालिकामा ठेक्का प्रक्रियाबाट सम्पादन भएका अन्य खरिद कार्यमा न्यूनतम २० देखि ४० प्रतिशत सम्म प्रतिस्पर्धा भएको स्थितीमा निम्नानुसार पाँचवटा योजनामा रु. १ करोड ५ लाख ७४४ को खरिद कार्य उपभोक्ता मार्फत गर्दा प्रतिस्पर्धा हुन नपाई मितव्ययि भएको देखिएन । तसर्थ प्रतिस्पर्धा र मितव्ययि खरिद कार्यलाई जोड दिन ठेक्का मार्फत खरिद गर्न जरुरी छ ।

| **योजनाको नाम** | **लागत अनुमान/ सम्झौता** | **रकम** |
|---|---|---|
| ४ नं वडा कार्यालय मर्मत तथा तला थप | ४०७०७३४ | ४०७०७३४ |
| ५ नं वडा भवन तथा युवा भवन मर्मत उ.स. | २१४०७६३ | २१४०७६३ |
| ४ नं वडा वागभैरव मा.वि. घेरावार उ.स. | २१७१०३१।१३ | २१७१०३१।१३ |
| ४ नं वडा वागभैरव मा.वि. छात्रावास ट्रष्ट | ८६८२१६ | ८६८२१६ |
| २ नं वडा कार्यालय माथिल्लो तला ट्रष्ट थप तथा घेरावार निर्माण | १२५०००० | १२५०००० |
| जम्मा | | १,०५,००,७४४।१३ |

४२ **स्रोत सुनिश्चितता :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) अनुसार सार्वजनिक निकायले श्रोतको सुनिश्चितता नभई गर्नुपर्ने खरिदको लागि आवश्यक बजेटको व्यवस्था नगरी खरिद निर्माण प्रक्रिया अगाडि बढाउन नहुने व्यवस्था छ । गाउँपालिकालाई प्रदेश सरकारतर्फको बिशेष अनुदानतर्फको कालिदेवि आधारभुत विद्यालयको लागि भौतिक निर्माण गर्न सालवसाली आयोजनाको रुपमा रु.६८७५३७१ (मू.अ.कर समेत) निर्माण व्यवसाय एफ एण्ड एफ इन्जिनियरिङ्ग कन्स्ट्रक्सनसँग सम्झौता गरेकोमा सम्पन्न गर्नुपर्ने मिति २०८१-०३-२० सम्म रु.३१५७४२६ मात्र भुक्तानी भएको र उक्त योजनामा चालु आर्थिक बर्ष २०८१।८१ मा बजेट बिनियोजन नभएकोले योजना अधुरो रहेको छ । समयमा निर्माण हुन नसकेकोले र उपलब्ध समयको आधारमा कार्यान्वयन गर्नसक्ने क्षमता कमजोर रहेकोले योजनाको रकम फिर्ता भएबाट योजना अधुरो रहेको देखिन्छ । संघीय र प्रदेश बजेटबाट कार्यान्वयन हुन नसकि बाँकी रहेको योजनामा पालिकाले श्रोतको सुनिश्चितता गरि योजना सम्पन्न गर्नुपर्दछ ।

४३ **भ्रमण खर्चः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३३,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **बढी सेसनः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **कार्यपालिका वैठक भत्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म

सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। कार्यलयले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसारको सोझै खरिद गरेको देखियो ।

| भौचर नं. | विवरण | रकम |
|---|---|---|
| १०४/८०/८/२७ | न्यु युनिभर्सल इन्टरप्राइजेज (मसलन्द सामाग्री) | ८१४७२६ |
| १०५/८०/८/२७ | न्यु युनिभर्सल इन्टरप्राइजेज (मसलन्द सामाग्री) | १४९४४२ |
| १९०/१०/१९ | एस.एस. ट्रेड इन्टरप्राइजे (मसलन्द सामाग्री) | ८७१६१४ |
| ४५१/८१/३/१९ | एम.एस प्रिन्टिङ्ग सोलुसन ( मसलन्द सामाग्री ) | ६२२०६५ |
| **जम्मा** | | **२४५७८४७** |

४७ **फिल्ड भत्ता**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ ७.१.५ खर्चमा मितव्ययिता कायम गर्ने अन्य व्यवस्थाहरू अन्तर्गत सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महँगी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान गरिने छैन भन्ने व्यवस्था छ। तर पालिकाले उक्त नियममा भएको व्यवस्था विपरीत यस नगरपालिकाले मिती २०८०।११।६ गतेको कार्यपालिकाको निर्णयअनुसार ६ जना प्राविधिकलाई आधारभुत तलबको २० प्रतिशतका दरले भुक्तानी गरेपनि संघिय व्यवस्था असंगत हुने गरी खर्च लेखेकोले बढी व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६३,४४७ |

४८ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अनुसार पालिका अन्तर्गत ६ वडामा ४१ योजना सञ्चालन गरी यस वर्ष ६७ जनालाई औसत ९४.८६ दिनले ६३५६ दिन रोजगारी उपलव्ध गराई रु.४५,७६,३२०।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४९ **विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकबाट रू.२४,९१,६६५।- खाना खाजा अतिथि सत्कार लगायत विविध कार्यक्रममा खर्च गरेको छ । यो खर्च आन्तरिक आय रु ६५ लाख २८ हजारको तुलनामा ३८ प्रतिशत हो ।आन्तरिक आयको तुलनामा मूल्यांकन गर्दा विविध खर्चको अनुपात ठुलो देखिएकोले यस प्रकारको खर्च नियन्त्रण गरी मितव्ययी कार्यप्रणाली अवलम्वन गर्नु जरुरी छ । यस प्रकारको खर्च पालिका विषयगत शाखा तथा वडाका विभिन्न कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

५० **कन्टिन्जेन्सी खर्च :**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २

प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले निर्माण कार्यको प्रत्येक योजनाबाट ३ प्रतिशत रकम कट्टा गरी कन्टिन्जेन्सी रु.१३ लाख ८७ हजार खर्च भएको विवरण पेश गरेपनि आयोजनागत रुपमा कुन आयोजनाबाट कति कट्टा भएको हो भन्ने आधार पेश भएको छैन ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा सो गरेको पाईएन । योजना अनुसार प्याकेज बनाई कन्टिन्जेन्सी रकम नापी किताबमा राख्नुपर्छ । पालिकाले पेश गरेको विवरणमा कति बजेट खर्च भयो कति कन्टिन्जेन्सी वापत प्राप्त हुनुपर्ने भन्ने प्रष्ट नगरी एकमुष्ट पेश गरेको छ ।

कन्टिन्जेन्सी खर्चको विवरणमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना र अन्य खर्च २ प्रतिशत गरी खर्च गर्न सक्ने व्यवस्था भएपनि रु.१३ लाख ८७ हजार खर्च लेखेको एकमुष्ट विवरण पेश भएको छ । निर्माण कार्यमा खर्च गरेको कन्टिन्जेन्सी रकमको आधारमा कुन कुन योजना संचालन भएको भन्ने स्पष्ट विवरण पेश हुन आएन । साथै कुन शिर्षकमा कति खर्च भयो भन्ने स्पष्ट हुन सकेन । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकमलाई व्यवस्थित गर्ने निर्देशिका अनुसार सानातिना खर्च छुट्टाएर मात्रै कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

५१ **फोहरमैला व्यवस्थापन :**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गरेको देखिएन । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने नकुहिने सिसाजन्य अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्दै फोहोरबाट मोहोरको रणनीतिलाई क्रमश अंगिकार गर्नुपर्दछ ।

५२ **अवलोकन भ्रमणः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो उपायबाट खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले दैनिक भ्रमण खर्च गर्नु पुर्व भ्रमणको उद्देश्य स्पष्ट हुनु पर्दछ, भ्रमण गर्नु पर्ने अवस्था भएपछी स्विकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरी कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमणको उपलब्धि सहितको प्रतिबेदन पेश गर्नु पर्ने उल्लेख छ । पालिकाको भौचर नं १९७।२०८०।१०।१९ बाट २०८०।९।२७ गते देखि २०८०।१०।१ सम्म पालिका अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत र वडा अध्यक्ष लगायत ८ जना लमजुङ, घलेभन्ज्याङ, गोर्खा, नुवाकोट र रसुवाको उत्तरगयाधाम सम्मको अध्ययन अवलोकन भनि रु.१,१३,३८८ खर्च गरी प्रमुख प्रशासकिय अधिकृतले सोधभर्ना लिएको देखिन्छ । यसरी भ्रमण खर्चलाई पालिकाको आवश्यकता र उद्देश्य भन्दा पनि व्यक्तिगत सुविधाको आधारमा खर्च गर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्दछ ।

५३ **दोहोरो सुविधा भुक्तानीः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐनमा पदाधिकारीलाई यातायात सुविधा सम्बन्धीको व्यवस्था गरेको छ । सो ऐनको अनुसूची १(क) बमोजिम पदाधिकारीले पाउने सुविधा अन्तर्गत सवारी साधन उपलब्ध नभएमा मात्र यातायात सुविधा मासिक रुपमा रकम उपलव्ध गराइने उल्लेख छ तर पालिकाको सहायक जिन्सी खाता अनुसार यातायातको साधन मोटरसाइकल बुझेका निम्न पदाधिकारीले यातायात खर्च समेत भुक्तानी दिएकोले दोहोरो भुक्तानी सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

| पदाधिकारीको नाम | वडा | मासिक यातायात सुबिधा | बार्षिक मासिक सुबिधा |
|---|---|---|---|
| राम प्रसाद घिमीरे | १ | ४००० | ४८००० |
| जोनी कुमार न्यासुर | २ | ४००० | ४८००० |
| कृष्ण प्रसाद तिमल्सिना | ४ | ४००० | ३२००० |
| भुमिनन्द घिमीरे | ५ | ४००० | ४८००० |
| विनोद चौरेल | ६ | ४००० | ४८००० |
| **जम्मा** | | | **२२४०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२४,००० |

५४ **पदाधिकारी सुविधा :**

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५( पहिलो संशोधन) बमोजिम दफा ३ (क ) मा पदाधिकारीहरुको सेवा सुविधा अनुसूची १( क) बमोजिम पाउने उल्लेख छ । सो अनुसूचीमा नीजि सचिवालय खर्च सम्बन्धी व्यवस्था गरेको छैन तर पालिकाले जारी गरेको महांकाल गाँउपालिका कार्याविधि तथा कार्यसञ्चालन निर्देशिका, २०८० अनुसार पालिकाको अध्यक्ष तथा उपाध्यक्षलाई क्रमश रु.१८,०००।- र रु.१५,०००।- का दरले मासिक रुपमा कार्तिक महिनासम्म नीजि सचिवालय खर्च वापत रु.१,३०,६८०।- भुक्तानी दिएको देखिएको छ । यसरी नियम विपरीत भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,३०,६८० |

५५ **हिउँदे गाँउ सभा :**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ मा नगर सभाका सदस्यले पाउने वैठक भत्ता सम्बन्धमा प्रति बैठक अध्यक्षले रु १५००, उपाध्यक्ष र सदस्यले रु १००० पाउने उल्लेख छ । भौ.नं. २२२।२०८०।११।१० बाट महाङ्काल गाँउपालिकाको हिउँदे गाँउ सभाको तयारीको लागि तयारी खर्च बापत ११ कर्मचारीलाई १० दिनको तलब बरावर बरावर रु.१,३२,०७९। भुक्तानी भएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्ने देखिन्छ ।

५६ **बढी तलबः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह कर्मचारी प्रशासन शाखाको मिति २०८०।५।१३ को निर्णय र कैलाश गाँउपालिकाको मिति २०८०।५।१८ को रमना पत्र अनुसार प्रमुख प्रशासकिय अधिकृत अशोक विष्टको श्रेणी राजपत्रांकित तृतिय उल्लेख छ । पालिकाले राजपत्रांकित तृतिय श्रेणीका प्रमुख प्रशासकिय अधिकृतलाई तलब स्केल रु.४३,६८९ भुक्तानी हुनु पर्नेमा स्थानीय तहको आठौं स्तरको कर्मचारीको तलब स्केल रु.४८,७३७। भुक्तानी गरेको देखियो । ऐन विपरीत पालिकाले प्रमुख प्रशासकिय अधिकृतलाई असोज दखि असार सम्म १० महिनाको रु.५०,४८० स्थानीय कर्मचारीको सेवा सुविधा भुक्तानी गरेकोले सोको आधार पेश गर्नु पर्ने अन्यथा असूल गर्नु पर्ने रु.

| कर्मचारी | अवधि | हुनुपर्ने | भुक्तानी भएको | कैफियत |
|---|---|---|---|---|
| प्र प्र अ अशोक विष्ट | असोज दखि असार सम्म | ४३६८९ | ४८७३७ | रमनामा तलब मिलान थप भनि रु ५०४८ उल्लेख रहेको |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,४८० |

५७ **खाजा, संचार तथा आवास खर्चः**

महाङ्काल गाँउपालिका कार्यसंचालन निर्देशिका, २०८०( गाँउ कार्यपालिकाको मिति २०८०।३।४ को निर्णयबाट स्विकृत ) बमोजिम कार्यालय र वडा कार्यालयका कार्यरत कर्मचारीहरुले नियमित कार्यसम्पादन गरे वापत खाजा खर्च मासिक रु.३०००।साथै पद अनुसार विभिन्न दरमा सञ्चार खर्च र पालिका भन्दा बाहिर स्थाई ठेगाना भएका तर सरकारी आवासमा नबस्ने कर्मचारीलाई मासिक रु.२५००

दिने व्यवस्था गरेको छ । यस पालिकाले यो बर्ष खाजा, संचार, र आवासमा वडा कार्यालय समेतका ६४ जना कर्मचारीका लागि रु. १३,४५,२००। खर्च गरेको छ । यस किसिमको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

५८ **शिक्षक दरवन्दी र पदपूर्ति:**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत २६ वटा विद्यालयमा १४४ जना शिक्षक दरबन्दी भएकोमा सबै पदपूर्ति र पदपूर्तिमध्ये ४२ जना करार/ राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या २०३२ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

५९ **दिवा खाजा:**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयहरुले पेश गरेको विद्यार्थिको उपस्थितिको विवरणको आधारमा विभिन्न भौ.नं.बाट २६ वटा सामुदायिक विद्यालयको खातामा रु.२६,४६,१२२।- निकासा गरेको छ । दिवा खाजा खर्च लेख्दा विद्यालयहरुको अनुगमन गरी त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिकाको आधारमा निकासा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

६० **सेनिटरी प्याड खरिद:**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष १२ वटा सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. ५५।०८१।१।९ बाट सेनिटरी प्याड खरिद गर्नका लागि रु.४,९१,८३२।- निकासा गरेको देखिन्छ । विद्यालयहरुले सेनिटरी प्याड खरिद गरी बिल तथा वितरण भर्पाई पेश गरेको देखिंदैन । विद्यालयहरुले सेनिटरी प्याड कति खरिद गरे, कस्तो गुणस्तरको खरिद गरे, वितरण भए वा भएन र नेपाल गुणस्तर तथा नापतौल विभागबाट गुणस्तर परीक्षण भए वा भएन यकिन गर्न सकिएन । पालिकाले आर्थिक वर्षको सुरुमै खरिद गरी गुणस्तर परीक्षण पश्चात विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्तमा विद्यालयहरुको खातामा रकम भुक्तानी गरेको पाइयो । पालिकाले सेनिटरी प्याडको गुणस्तर परीक्षण गरी खरिद गर्ने, सुरक्षित भण्डारण गरी विद्यालयको माग बमोजिम निकासा दिने, वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाणको यकिन गरी खरिद गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

६१ **छात्रवृत्ति वितरण:**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरु संख्या एकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयका छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले भौ.नं. ५५।०८१।१।९ बाट रु.२,६५,२००।- छात्रवृत्ति निकासा गरेकोमा निम्नानुसार विद्यालयहरुले भर्पाई पेश नगरेकोले सो पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | बालमुकुन्द आवि | ९२०० |
| २ | गुमराङ्ग आवि | ११६०० |
| ३ | ऋग्म आवि | २४०० |
| ४ | सेतीदेवि आवि | ४००० |
| ५ | बाल आवि | ७६०० |
| ६ | कालेश्वर आवि | ३२०० |
| ७ | कालीदेवी आवि | २८०० |
| ८ | गोटिखेल आवि | २८०० |
| ९ | चनदेवी आवि | १२०० |
| १० | सरस्वती मावि | ५६०० |
| **जम्मा:** | | **५०४००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,४०० |

६२ **पाठ्यपुस्तक खरिदः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ । पालिकाले २६ वटा विद्यालयहरुलाई भौ.नं. ५५।२०८१।१।१९ बाट रु.७,६४,३२५।- र भौ.नं. ८९।०८१।३।१८ बाट नपुग रु.२,८३,३३८।- गरी रु.१०,४७,६६३।- निकासा गरेकोमा निम्नानुसार विद्यालयहरुको निकासा, बिल तथा वितरण गरेको भर्पाई परीक्षण गर्दा निकासा गरेको भन्दा रु.१६,९७९।- कम भर्पाई पेश भएकोले असुल हुनुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | वितरण भर्पाई | बढी | रकम |
|---|---|---|---|---|---|
| १ | बागभैरव मावि | कक्षा २ ५*५५६.८ | २ | २ | १११३ |
| | | कक्षा ३ ५*५८०.८ | २ | २ | १११३ |
| | | कक्षा ९ २१*७७४.४ | १५ | ५ | ३८७२ |
| २ | बुद्ध भगवान मा.वि. | कक्षा ५ ३०*६४०.२ | २० | ९ | ५७६१ |
| ३ | महेन्द्र मा.वि. | कक्षा ५ १२*६४०.२ | ७ | ४ | २५६० |
| ४ | वागमती आ.वि. | कक्षा ५ ११*६४०.२ | ६ | ४ | २५६० |
| **जम्मा:** | | | | | **१६९७९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,९७९ |

६३ **विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना तथा व्यवस्थापन :**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. २.७.१३.१३ को क्रियाकलाप ९.४ मा पुस्तकालय नभएका, विगत आवमा पुस्तकालय अनुदान प्राप्त नगरेका, उच्च विद्यार्थी संख्या भएका र पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षा कोठा भएका माध्यमिक तथा आधारभुत विद्यालय र क्रियाकलाप ९.६ मा विज्ञान विषय पढाई भएका, प्राविधिक धार सञ्चालित र नमुना विद्यालयलाई यस प्रकारको अनुदान निकासा दिने व्यवस्था छ । साथै विद्यालयहरुले खरिद ऐन नियम अनुसार सिकाई सामग्रीहरु खरिद गरेपश्चात बिल भर्पाई तथा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने व्यव्स्था छ । पालिकाले भौ.नं. ८७।२०८१।३।१८ बाट निम्नानुसार विद्यालयहरुलाई पाठ्यपुस्तक तथा विज्ञान प्रयोगशाला स्थापनाको लागि रु.६,५०,०००।- का दरले रु.१३,००,०००।- भुक्तानी गरेकोमा निम्नानुसार खरिद भएका सामानहरुको जिन्सी दाखिला गरेको प्रमाण पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

| **सि.नं.** | **विद्यालयको नाम** | **सामानको नाम** | **रकम** |
|---|---|---|---|
| १ | महांकाल मावि | डेल आई ५ ल्यापटप २ वटा | १६९५०० |
| २ | वागमती आवि | एसर आई ५ ल्यापटप १ वटा | ८५९९९ |
| | | डेस्कटप कम्प्यूटर डेल ३ वटा | ११३९९९ |
| **जम्मा** | | | **३६९४९८** |

| प्रमाण पेश नगरेको | ३,६९,४९८ |
|---|---|

६४ **कक्षा ८ परीक्षा संचालन:**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५१ को क्रियाकलाप १५.१ मा कक्षा ८ को परीक्षा संचालन तथा प्रमाणीकरण एवंम विद्यार्थी मूल्यांकनको लागि प्रति विद्यार्थी वार्षिक रु.२७५।- का दरले खर्च गर्न सक्ने व्यवस्था छ । साथै परीक्षालाई थप व्यवस्थित गर्न स्थानीय तहले आन्तरिक स्रोतबाट बजेट व्यवस्था गर्न व्यवस्था छ । पालिकाले भौ.नं. ८८।०८१।३।१८ बाट मिति २०८०।१२।८ देखि १६ सम्म संचालित कक्षा ८ को परीक्षमा १३८ जना विद्यार्थी सामेल भई रु.१,०५,५९०।- खर्च गरेको देखिन्छ । विद्यार्थि संख्या १३८ को प्रति विद्यार्थी रु.२७५।- का दरले रु.३७,९५०।- खर्च गर्न सक्नेमा रु.६७,६४०।- बढि खर्च गरेकोले आन्तरिक स्रोतबाट शोधभर्ना गर्नुपर्ने रु.

| सोधभर्ना नलिएको | ६७,६४० |
|---|---|

६५ **अनुगमन भत्ता:**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३(क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमा गोष्ठि, तालिम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिंदैन । साथै आफ्नै कार्य क्षेत्रभित्र पदाधिकारीहरुले कुनै भत्ता नपाउने व्यवस्था छ । कार्य संचालन निर्देशिका, २०७७ मा तालिम, कार्यक्रम तथा गोष्ठिको अनुगमन गरे वापत भत्ता पाउने उल्लेख गरेको छैन । पालिकाले निम्नानुसार भौ.नं. बाट विभिन्न कार्यक्रमहरुको अनुमगन गरेको भनी रु.५,२७०।- भत्ता भुक्तानी गरेकोले ऐन विपरितको रकम असुल हुनुपर्ने रु.

| **भौ.नं. र मिति** | **कार्यक्रमको नाम** | **पदाधिकारी तथा कर्मचारीको नाम** | **दिन** | **रकम(कर पछि)** |
|---|---|---|---|---|
| १८।०८१।२।२३ | बाल बिबाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम | उपाध्यक्ष डोल्मा माया गोले | ३ | २५५० |
| ४०।०८०।१२।३ | युवा क्लव गठन तथा नमुना सांसद अभ्यास कार्यक्रम | उपाध्यक्ष डोल्मा माया गोले | २ | २७२० |
| **जम्मा** | | | | ५२७० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,६३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२७० |

६६ **पारिश्रमिक कर:**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **९,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१,५१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६७ **दोहोरो भुक्तानी:**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको चेक जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १२३।०८१।३।२१ बाट खोप फ्रिज गोटिखेल देखि ठुलादुर्लुङ्गसम्मा पुर्याएको भाडा वापत रु.७,२००।- तिर्थ बहादुर बोहरालाई भुक्तानी गरेकोमा पुन ठुलादुर्लङ्गबाट गोटिखेल ल्याएको भनि रु.७,२००।- भुक्तानी गरेको छ । यसरी पुर्याएको ल्याएको भनि २ पटक रकम भुक्तानी गरेकोले रु.७,२००।- दोहोरो भुक्तानी रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२०० |

६८ **छुट तलब:**

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ मा तलब तथा ग्रेड सम्बन्धी व्यवस्था छ । बढुवा तथा स्तरवृद्धि भएपश्चात तलब तथा ग्रेड भुक्तानी गर्दा निर्णय भएको मितिबाट भुक्तानी गर्नुपर्दछ । पालिकाले निम्नानुसार कर्मचारीहरुलाई स्तरवृद्धि भएको निर्णय मितिदेखि तलब भत्ता भुक्तानी गर्नुपर्नेमा जेष्ठता कायम भएको मितिदेखि रु.९८,८०१।- तलब तथा ग्रेड भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | स्तरवृद्धि भएको निर्णय मिति | जेष्ठता कायम मिति | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ज्ञानेन्द्र बिसुन्के | ०८०।१०।१४ | ०७९।१०।८ | १३८५४ | |
| २ | नेत्र बहादुर ब्रामु | ०८०।१०।१४ | ०८०।९।६ | २२५२ | |
| ३ | प्रतिमा चौलागाई | ०७८।१२।२२ | ०७८।७।१२ | १३८९६ | बैशाखबाट ग्रेड वृद्धि हुनुपर्नेमा कार्त्तिकबाट |
| ४ | कमला भट्टराई | ०७९।९।१३ | ०७८।१२।१४ | ५७९० | |
| ५ | प्रेक्षा रिजाल | ०७९।९।१३ | ०७८।१२।७ | ५७९० | |
| ६ | पार्वति गरी | ०७९।६।५ | ०७८।११।२३ | ६९४८ | |
| ७ | माया सुनुवार | ०८०।१०।१४ | ०८०।१।५ | ६५८२ | |
| ८ | विक्रम कुमार सिंह | ०८०।१०।१४ | ०८०।१।५ | ६५८२ | |
| ९ | पवन कुमार मण्डल | ०८०।१०।१४ | ०८०।१।५ | ६५८२ | |
| १० | सुमित्रा खत्री | ०८०।१०।१४ | ०८०।१।५ | ६५८२ | |
| ११ | कलाधर नेपाली | ०८०।१०।१४ | ०८०।१।५ | ६५८२ | |
| १२ | पर्वत थापा मगर | ०७९।८।२७ | ०७८।१२।२७ | ५७९० | |
| १३ | सोविता घिमिरे | ०८०।१०।१४ | ०७९।१०।८ | ११५८० | |
| जम्मा | | | | ९८८०१ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९८,८०१ |

६९ **ELMIS मा दाखिला :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद र गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई, वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका सम्पत्ति वा मालसामानको विवरण मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानि बाँधि लगत अद्यावधिक गर्नु गराउनुपर्ने व्यवस्था छ । सोही बमोजिम नेपाल सरकार स्वास्थ्य सेवा विभागबाट मिति २०७४ बाट लागु हुने गरी औषधिहरुको दाखिलाको लागि ELMIS को व्यवस्था गरेको छ । पालिकाले यस वर्ष कोटेशनबाट दुई पटक पालिका र १ पटक मनिखेल अस्पतालको लागि औषधि खरिद गरेकोमा म्यानुअल दाखिला गरेको देखियो । जसले गर्दा कति औषधि खर्च भयो कति बाँकि छ भन्ने यकिन गर्न सकिएन । पालिकाले निम्नानुसार औषधिहरु ELMIS को प्रयोग गरी व्यवस्थित गर्नुपर्दछ ।

| भौ.नं. र मिति | सप्लायर्स | विवरण | रकम |
|---|---|---|---|
| १२।०८०।९।६ | पाथिभरा मेडिसिन एण्ड सर्जिकल सप्लायर्स | ६६ आइटम | ९९६१५९ |
| ६१।०८१।१।३० | योमन मेडिसेल्स र नासा मेडिको सप्लायर्स | ४८ आइटम | ७९५३१२ |
| ८।०८०।११।११ | विनय मेडिकल हल | १३ आइटम | ४८३७०० |

७० **कर्मचारी प्रोत्साहन भत्ताः**

स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(४) मा स्थानीय तहले आफ्नो आन्तरिक आय पर्याप्त भएको अवस्थामा कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्न सक्ने व्यवस्था गरेको छ । गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७८ को परिच्छेद ६ बुंदा नं १४ मा प्रोत्साहन भत्ता गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुने व्यवस्था गरेको छ । पालिकाले मिति २०८१।३।६ को गाउँ सभाको निर्णय बमोजिम १५ जना कर्मचारीहरुलाई विदाको दिन र बिहान बेलुका अतिरिक्त

काम गरे वापत ४५ र १५ दिनको तलब बराबर प्रोत्साहन भत्ता वापत रु.५,२७,७२५।- खर्च गरेको देखियो । यसरी प्रोत्साहन भत्ता वितरण गर्दा आफ्नो कार्य क्षेत्र, आन्तरिक राजश्व संकलन क्षमता, खर्चको आकार आदिलाई मध्येनजर गर्दै प्रोत्साहन भत्ता कार्यविधि निर्धारण गरी कार्यसम्पादन मुल्याङ्कनका सूचकको आधारमा मात्र खर्च गर्नुपर्दछ ।

७१ **बढी भुक्तानी :**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको चेक जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १२९।०८१।३।२२ बाट गरिबी निवारण गुनासो सुनुवाई कार्यक्रमको प्रस्तुती श्रव्यदृश्य, छायांकन र उत्पादनको लगि सन्जिता मिडिया प्रालिलाई रु.१,९६,५००।- भुक्तानी गरेको देखिन्छ । प्रालिले पेश गरेको प्रस्तावनामा श्रव्यदृश्य कार्यक्रमको १ वटाको रु.९५,०००।- पेश गरेकोमा प्रतिवेदनमा रु.१,१५,०००।- पेश गरी सोही बमोजिम भुक्तानी गरेकोले रु.२०,०००।- बढी भुक्तानी भएको रकम सम्झौतामा हस्ताक्षर गर्ने व्यक्तिलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

७२ **अनुदानको अनुगमन :**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहाय अनुसार कृषि क्षेत्रमा विभिन्न सहकारी समुह तथा फर्महरुलाई रु.३८,४९,८०५।- अनुदान खर्च लेखेको छ तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | समुह सहकारी तथा फर्मको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १ | नवदिप बहुद्देशिय संस्था लि | तरकारी बाली पकेट विकास कार्यक्रम | ४९८१५० |
| २ | सुनौलो सुग्रधित चिया कृषि फर्म र उपार्जन अर्गानिक चिया उत्दादन संस्था | चिया प्रवर्द्धन कार्यक्रम | ७१३४०० |
| ३ | कृषकहरु | फलफुल बिरुवा वितरण | १५०००० |
| ४ | कृषकहरु | कफि बिरुवा वितरण | १४४७८० |
| ५ | कृषकहरु | किबिको थाक्रा वितरण | ९५१२० |
| ६ | कृषकहरु | मौरीघार वितरण | १४८५०५ |
| ७ | कृषकहरु | किबि बिरुवा वितरण | १९२५० |
| ८ | १०२ परिवार | जै घास वितरण | २८६६०० |
| ९ | २१ जना कृषक | गाइ भैसि वितरण | ९९४५०० |
| १० | ५९ जना कृषक | घासमा अनुदान | ७९९५०० |
| जम्मा | | | ३८४९८०५ |

७३ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली

अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ वटा बर्थिङ सेन्टरमा विगत वर्षदेखिकै न्यानो झोला प्रयोग भएकोमा यस वर्ष ५० थान खरिद गरी रु.४४,९७४।- खर्च गरेको छ । ५० थानमध्ये १५ थान वितरण गरी ३५ थान न्यानो झोला बाँकी रहेको देखिन्छ । गत वर्ष २०७९।८० मा २४ जना र यस वर्ष १७ जना गरी ४१ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । वर्षौं अघि खरिद भएका त्यस्ता न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७४ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको वित्तीय प्रतिवेदन-२७० को टिप्पणी १२ मा गत आवको म्याद नाघेको कर्मचारी पेश्की रु.२,००,०००।- र ठेकेदार पेश्की रु.१७,००,०००।- देखिन्छ तर मलेपफा नं २११ मा क-कस्को पेश्की हो भनी विवरण स्पष्ट देखिदैन । पालिकाले पेश्की यकिन गरी नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : महाङ्काल गाउँपालिका, ललितपुर , महाङ्काल गाउँपालिका , ललितपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धिराज मरासेनी | २०७९-४-१५ | २०८०-५-१८ |
| कार्यालय प्रमुख | सन्दिप न्यौपाने | २०८१-८-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Devraj Dangi | २०८०-३-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४६३,६३५ | ४,८१९,८१९.५२ | ४८५,९१८ | ० | ६७,६४० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५,८३७,०१२.५२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ९१,३८५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५,७४५,६२७.५२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २८६४७९६४.६७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २२७७५७५०४.६५ | **चालु खर्च** | २६३९२३२६९.४५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३०८३५७३४.६४ | **पूँजीगत खर्च** | ६४०७००१८.५२ |
| **राजश्व बाँडफाँट** | ६०६९५८८५.०२ | **वित्तीय/अन्य व्यवस्था** | ५५३३९३४५ |
| **आन्तरिक आय** | ६८८४३०५.३५ | | |
| **अन्य आय** | ५९२०९०९९.७ | | |
| **कुल आय** | ३८५३८२५२९.३६ | **कुल खर्च** | ३८३३३२६३२.९७ |
| **बाँकी मौज्दात** | | ३०६९७८६१.०६ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।